का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ फागुन २०८१,
बुधबार
12 March, 2025
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसदमा सत्तापक्ष र प्रतिपक्ष आमने–सामने

## राजावादीलाई सन्देश, एक अर्कोलाई प्रश्न





अब हामीले एकातिर सरकारको गलत क्रियाकलापविरुद्ध र अर्कोतिर प्रतिगामी चलखेलकाविरुद्ध एकैसाथ जुध्नुपर्ने विशिष्ट स्थिति सर्जना भएको छ

■ **पुष्पकमल दाहाल 'प्रचण्ड'**
**अध्यक्ष, नेकपा (माओवादी केन्द्र)**



सत्ताबाट निस्केको ६/७ महिनामै देश बिग्रेको दोष अरुलाई दिएर उम्किन मिल्छ ? विगतमा विचौलियाहरुसँग उठबस गरेकाले प्रचण्डलाई अहिले पनि सरकार विचौलियाले चलाएको भान परेको हुनसक्छ

■ **गोकर्ण विष्ट**
**सचिव, नेकपा (एमाले)**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्लो अभिव्यक्ति र उनको स्वागतको नाममा भएको शक्ति प्रर्दशनलाई लिएर प्रतिनिधि सभामा चर्को बहस भएको छ ।

मंगलबार बसेको संसद बैठकमा राजावादीको गतिविधि बढ्नुको कारण गणतन्त्र पक्षधर भित्रै एक अर्कोको भूमिकाप्रति हिलो छ्यापाछ्याप गर्ने प्रयास गरेका छन् ।

नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले एकै स्वरमा लोकतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने सन्देश पूर्वराजा ज्ञानेन्द्र शाहलाई दिए पनि सत्ता पक्ष र प्रतिपक्षले एकअर्कालाई दोषारोपण गर्न भने छाडेका छैनन ।

राजावादीको सक्रियता बढ्नुमा एक अर्कोको व्यवहार मुख्य रहेको भनेर संसदमा सत्ता र प्रतिपक्षबीच जुहारी नै चल्यो ।

संसद बैठकको सुरुमै बोलेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजावादी र सत्तापक्षका कारण लोकतन्त्रमाथि धावा बोल्न थालिएको टिप्पणी गरे । 'कि अब हामीले एकातिर सरकारको गलत क्रियाकलापविरुद्ध र अर्कोतिर प्रतिगामी चलखेलकाविरुद्ध एकैसाथ जुध्नुपर्ने विशिष्ट स्थिति सर्जना भएको छ' उनले भने ।

संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर दलहरूबीचको फाटोले वर्तमान व्यवस्थामाथि चुनौति थपेको संकेत नेताहरूको अभिव्यक्तिले संकेत गरेको छ । एकातिर राजावादीहरूले हिन्दु राज्यसहित राजसंस्थाको एजेण्डालाई स्थापित गर्न अनेकन फण्डाहरू रचिरहेको >>> पृष्ठ २ मा

# सडकको संरक्षण गरौं

सडक सबैको साझा सम्पति हो, त्यसैले संरक्षण र सम्बर्द्धन गर्नु सबैको दायित्व हो, त्यसैले

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सडक आवागमनमा बाधा नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# १५ चैतमा समाजवादी मोर्चाको बृहत प्रदर्शन

**काठमाडौं/मस–** समाजवादी मोर्चाले आगामी १५ चैतमा काठमाडौंमा विरोध प्रदर्शन गर्ने भएको छ । देशलाई प्रतिगमनतर्फ लैजाने षड्यन्त्रलाई प्रतिकार गर्न १५ चैतमा काठमाडौंमा विरोध प्रदर्शनसहितको सभा गर्ने निर्णय गरेको हो ।

मंगलबार नेकपा (एकीकृत समाजवादी)को कार्यालय आलोकनगरमा बसेको बैठकले गणतन्त्रको पक्षमा र प्रतिगमनको विरुद्ध विरोध प्रदर्शनसहितको सभा गर्ने निर्णय भएको नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'ले जानकारी दिए । पछिल्लो पटक राजावादीहरूको चलखेल बढेको भन्दै गाणतन्त्र पक्षधरहरूले राप्रपालगायत राजावादीको गतिविधिप्रति आलोचना गर्दै आएका छन् ।

यसअघि समाजवादी मोर्चाले २४ चैत सभा गर्ने निर्णय गरेको थियो । 'देशलाई प्रतिगमनतर्फ लैजाने षड्यन्त्रलाई प्रतिकार गर्न १५ चैतमा काठमाडौंमा विरोध प्रदर्शनसहितको सभा गर्ने >>> पृष्ठ २ मा

# आधारभूत अस्पताल निर्माणमा हेलचक्रयाइँ

## न बजेट, न जग्गा



*सुर्खेतको सिम्ता गाउँपालिकामा नवनिर्मित आधारभूत अस्पताल*

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २७ फागुन

१७ मंसिर २०७७ मा कर्णाली प्रदेशमा ६९ वटा आधारभूत अस्पताल निर्माण गर्ने शिलान्यास भयो । ती अस्पतालहरू निर्माण गर्ने शिलान्यास भएको ४ वर्ष भयो तर अधिकांश अस्पतालको निर्माण अलपत्र अवस्थामा छ ।

आधारभूत स्वास्थ्य अधिकारबाट नागरिक वञ्चित भएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले १७ मंसिर २०७७मा देशभर ३ सय ९६ वटा आधारभूत स्वास्थ्य अस्पतालको एकै पटक शिलान्यास गरेका थिए ।

ती मध्ये कर्णाली प्रदेशका १० जिल्लामा ६९ वटा आधार भूत अस्पताल थिए । सरकारले प्रदेशमा ६९ वटा अस्पतालको शिलान्यास गरेपनि आधारभूत स्वास्थ्य अस्पताल निर्माणले भने गति लिन सकेको छैन ।

अहिले पनि कतिपय ठाउँमा अस्पताल निर्माण अलपत्र छन् भने केही पालिकाले भने सेवा दिन सुरु गरिसकेका छन् ।

४ वर्षभन्दा बढी हुँदा पनि अधिकांश ठाउँमा अस्पतालको भवन बन्न सकेका छैनन् । २ वर्षभित्र भवन बनाएर जनतालाई घर दैलोमै स्वास्थ्य सेवा दिइने घोषणा गरिएको नारा पनि 'घोषणा'मै सीमित >>> पृष्ठ २ मा

### ४ वर्षमा ४० प्रतिशत काम

सल्यानको दार्मा गाउँपालिकामा २०७८ सालमा निर्माण कार्य सुरु भएको आधारभूत अस्पतालको काम ४० प्रतिशत मात्रै भएको छ ।

अहिले त्यहाँ अस्पतालको काम ठप्पै भएको छ । २०७८ सालमा शिव निर्मल कम्पनीले १२ करोड रुपैयाँ लागतमा अस्पताल निर्माणको ठेक्का लिएको छ ।

कम्पनीले २ वर्षमा निर्माण सक्ने गरी ठेक्का >>> पृष्ठ २ मा

### डुंगेश्वरमा कामै सुरु भएन

दैलेखको डुंगेश्वर गाउँपालिकामा १० शैयाको अस्पताल बनाउने निर्णय सरकारले गऱ्यो । तर अहिलेसम्म निर्माण कार्य शुरू नै भएको छैन । 'यहाँ डकुमेन्ट सबै तयार छ, जग्गा पनि तयार छ । तर रकमको सुनिश्चितता नभएकाले निर्माण कार्य शुरू हुन सकेको छैन,' पालिका अध्यक्ष सुन्दरकुमार केसीले भने । उनले आफ्नो वरपरका >>> पृष्ठ २ मा

# ९ वर्षपछि उपभोक्ता अदालत गठन

कालो बजारी र महँगीको गुनासो लिएर उपभोक्तहरु अब उपभोक्ता अदालत जान सक्छन् । गुणस्तरहीन र त्रुटिपूर्ण उत्पादनसम्बन्धी कसूरको सुनुवाइ यही अदालतले गर्नेछ ।



सर्वोच्च अदालतको ८ फागुन २०७८ को परमादेशअनुसार काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको मुद्दा हेर्ने गरी उपभोक्ता अदालत गठन गरिएको छ ।

**अजयकुमार चौरसिया**
**कानुन न्याय तथा संसदीय मामिलामन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हक ९ वर्षपछि कार्यान्वयनमा आएको छ । यसका लागि सरकारले उपभोक्ता अदालत गठन गरेको छ ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले उपभोक्ता अदालत गठनसम्बन्धी सूचना टेबुल गरे । यो सँगै ९ वर्ष पछि उपभोक्ता अदालत गठनले औपचारिकता पाएको हो ।

संविधानत: यो अधिकार नागरिकले २ असोज २०७३मा नै पाएका थिए । त्यसबेला जारी भएको संविधानको धारा ४४ मा उपभोक्ताको हक सम्बन्धी व्यवस्था छ ।

'प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ' धारा ४४ को उपधारा १ मा छ । उपधारा २ मा 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने' भनिएको छ ।

उपभोक्ता अदालत गठन गर्नु अगाडि सरकारले यससम्बन्धी ऐन बनाएको थियो । २०७५ सालमा उपभोक्ता संरक्षण ऐन जारी भएको थियो । ऐन जारी भएतापनि उपभोक्ता अदालत गठन हुन सकेको थिएन । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# १६ बुँदे घोषणापत्र जारी गर्दै श्रम तथा रोजगार सम्मेलन सम्पन्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

तीव्ररूपमा आन्तरिक रोजगारी सिर्जनाका लागि उच्चतम पहल गर्ने लक्ष्य समेटिएको १६ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन समापन भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित दुईदिने राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनमा ६ वटा सत्रमा ३१ कार्यपत्रमा आन्तरिक तथा वैदेशिक रोजगारीका विषयमा छलफल भएको थियो ।

घोषणापत्रले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा उद्घाटन सत्रका अवसरमा घोषणा गरिएको आन्तरिक रोजगार प्रवर्द्धन दशकलाई सफलतापूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आन्तरिक रोजगार प्रवर्द्धन दशकको लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गरिने बताए ।

मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले रोजगार प्रवर्द्धन दशकको उपलब्धि हासिल गर्न आवश्यक नीतिगत र प्रविधिगत परिमार्जन गरिने उल्लेख गरे ।

घोषणापत्रमा श्रम बजारको मागको आधारमा सीपयुक्त जनशक्ति तयार गर्नका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र निजी क्षेत्रका रोजगारदाताहरुसँग समन्वय एवं सहकार्य गरी सरकारी क्षेत्रको सहजीकरण र निजी क्षेत्रको नेतृत्वमा तुलनात्मक लाभका उदीयमान क्षेत्रहरुमा लगानी गरी आन्तरिक रोजगारी सिर्जन गरिने उल्लेख छ ।

त्यस्तै सबै क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै सामाजिक सुरक्षा कोषको रकमलाई उच्च प्रतिफलयुक्त लगानीको माध्यमबाट राष्ट्रिय पुँजी निर्माण गर्ने प्रतिबद्धता जनाइएको छ । >>> पृष्ठ २ मा

### श्रम सम्मेलनमा संख्या सयदेखि हाउसमेडसम्मका समस्याबारे ध्यानाकर्षण

काठमाडौं/मस- सरोकारवालाहरूले मागपत्र प्रमाणीकरण, संख्या सय समस्या समाधान लगायतका विषयमा तत्काले ध्यान दिन माग गरेका छन् । उनीहरूले घरेलु महिला कामदारको श्रम स्वीकृतिसहित चेक रिपब्लिक, पूर्वी युरोप र इराकको कुर्दिस्तान, रुसलगायतका देशमा श्रम स्वीकृति प्रदान गर्ने विषयमा ध्यानाकर्षण गराएका छन् ।

श्रम तथा रोजगार सम्मेलनको दोस्रो दिन मंगलबार श्रम आप्रवासनका विविध आयाम शीर्षकमा अनुसन्धानकर्ता जीवन बानियाँ, रामनारायण श्रेष्ठ, आयुश्मान भगत, पूर्वराजदूत डा. शर्मिला पराजुली, जेटीयूसीसी सीता लामा, नेपाल वैदेशिक >>> पृष्ठ २ मा

**संसदमा...**

अवस्थामा गणतन्त्रवादी दलहरू आफ्नै पक्षमा रोटी सेकाउन लाग्दा व्यवस्थामाथि खतरा बढ्नसक्ने शंशय उत्पन्न भएको छ ।

संसदका २ ठूला दल सम्मिलित नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकार यतिवेला विपक्षीको मात्र होइन, सत्तारुढ दलहरूकै प्रश्नको घेरामा परेको छ । प्रतिपक्षको कडा आलोचना खेप्दै आएको सरकारको सेवाप्रवाह, सुशासन, विकास र भ्रष्टाचार नियन्त्रण र कानुनी सवालमा सत्ताधारीहरूलाई नै सन्तुष्ट हुने ठाउँ राख्न सकेको देखिदैंन ।

सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सबै क्षेत्रमा विश्वासको वातावरण आर्जन गर्ने गरी काम गर्न प्रधानमन्त्रीलाई सुझाव दिएका छन् । प्रतिनिधिसभामा मंगलबारको बैठकमा विशेष समयमा बोल्दै सांसद थापाले भने, 'सरकारले कानुन निर्माण गर्दा वृहत्तर सार्वजनिक हितलाई ध्यान दिनुपर्छ । कुनै एउटा व्यक्ति वा समूहले त्यसको लाभ लिनुहुँदैन भन्ने जसरी प्रश्न उठेको छ, यसमा सरकार सचेत रहनुपर्छ ।' उनले सरकारका निर्णयका सन्दर्भमा पटकपटक प्रश्न उठेको भन्दै प्रत्येक कुरामा आफ्नो कामबाट, निर्णयबाट संसद्, आम राजनीतिक दल र जनताको विश्वास जित्ने वातावरण बनाउन आग्रह गरे ।

यो मात्रै होइन प्रतिनिधिसभा बैठकमा राजतन्त्र र गाणतन्त्रवादीबीच चर्काचर्की भइरहँदा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) र नेकपा एमालेका नेताहरूबीच समेत भनाभन भयो । गणतन्त्रवादीहरू नै एकआपसामा आरोप प्रत्यारोपमा उत्रिएपछि राजावादीलाई थप बल पुगेको कतिपय नेताहरूले नै टिप्पणी गरेका छन् । आफूलाई गणतन्त्रको मसिहा ठान्ने नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजावादीहरूसँगै सत्तापक्षलाई गाली मंगलबारको संसद बैठकमा गरेका थिए ।

सरकारको विश्वसनीयता सकिएका कारण पुरातनवादी शक्तिहरू हौसिएको भन्दै प्रचण्डले भने 'सरकार असफल भइरहेको र पुरातनवादीले समेत प्रतिगमन र प्रतिक्रान्तिको तरवार चलाउने सपना देखिरहेकाले सरकारका गलत क्रियाकलाप र प्रतिगामी चलखेलविरुद्ध जुध्नु पर्ने विशिष्ट अवस्था सृजना भएको छ ।' आफू ८ महिना अघिसम्म सरकारमा रहँदा नदेखिएको असन्तुष्टि अहिलेको सरकार बनेपछि जनतामा असन्तुष्टि र आक्रोश बढ्दै गएको दाहालको दाबी छ । उनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई लोकतन्त्रभित्र आफ्नो ठाउँ खोज्नसमेत सुझाव दिए ।

पूर्वप्रधानमन्त्री समेत रहेको विपक्षी दलका नेता प्रचण्डको अभिव्यक्तिलाई काउण्टर दिदै सत्तापक्षका सांसद एवं एमाले सचिव गोकर्ण विष्टले आफैं यात्रा गरिरहेको डुंगामा प्वाल नपार्न आग्रह गरे । 'सत्ताबाट निस्केको ६/७ महिनामै देश बिग्रेको दोष अरुलाई दिएर उम्किन मिल्छ ? विगतमा विचौलियाहरूसँग उठबस गरेकाले प्रचण्डलाई अहिले पनि सरकार विचौलियाले चलाएको भान परेको हुनसक्छ', उनले भने । गणतन्त्रको डुंगा डुब्दा प्रचण्ड पनि डुब्ने भन्दै विष्टले सत्ता बाहिरको छटपटीलाई संयमित भएर व्यक्त गर्न प्रचण्डलाई सुझाव दिए ।

राजनीतिक विश्लेषक शंकर तिवारी भन्छ 'लोकतन्त्रिक व्यवस्थाको सौन्दर्य नै आफैभित्र प्रश्न गर्न पाउने र सच्चिन सुझाव दिनु हो । सरकार संसदका २ ठूला दलको भएकाले यस सरकारलाई असफल हुने छुट छैन । असफलतातिर सरकार नजाओस् भनेर नै सत्तापक्षका महामन्त्रीले सरकारलाई सुझाव दिएको हो । जुन लोकतन्त्रमा आवश्यक हुन्छ ।'

**१५ चैतमा...**

निर्णय निर्णय गरेका छौं', विश्वकर्माले भने 'यसमा गणतन्त्रबादीहरू सबैलाई समेट्ने प्रयास हुन्छ ।' कार्यक्रमलाई प्रभावकारी र सशक्त बनाउन १ चैतमा बुद्धिजीवीसँग अन्तरक्रिया गर्ने र त्यही दिन पत्रकार सम्मेलन गर्ने निर्णय गरिएको विश्वकर्माले जानकारी दिए । देशलाई प्रतिगमनतर्फ लैजाने हर्कत सह्य नहुने निष्कर्ष निकालिएको उनको भनाइ छ । प्रवक्ता प्रकाण्डले देशलाई अशान्तितर्फ धकेल्ने घटनालाई प्रतिकार गर्न आमजनतामा अपिल गरिने पनि बताए ।

**आधारभूत...**

छ । यति मात्रै होइन, भवन बनिसकेपछि कसरी सञ्चालन गर्ने भन्ने पनि योजना छैन् । अस्पताल चलाउन न जनशक्ति छ, न बजेट । त्यसैकारण आधारभूत अस्पतालको अवस्था बिजोग देखिएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा पहिलो चरणमा ५ देखि १५ शैयासम्मका आधारभूत अस्पताल निर्माणका लागि कर्णालीका ४२ वटा पालिका छनोट भएको थियो ।

त्यस्तै, आर्थिक वर्ष २०७८/०७९ मा दोस्रो चरणमा सोही क्षमताका थप २७ स्थानीय तहमा अस्पताल निर्माणको योजना अघि बढाइएको थियो । प्रदेशका ७९ तहमध्ये २ चरणमा गरी ६९ पालिकामा बजेट र कार्यक्रम पठाइए पनि हालसम्म ४४ पालिकामा मात्रै अस्पताल निर्माणको काम भइरहेको छ । २५ स्थानीय तहले अहिलेसम्म निर्माणको काम समेत सुरु गरेका छैनन् ।

**४ वर्षमा...**

लिएपनि झण्डै ४ वर्ष भइसक्दा पनि ४० प्रतिशत मात्र निर्माण भएको छ ।

सुरुमा अस्पतालको ठेक्का हाल कुमाख गाउँपालिकाका अध्यक्ष मानबहादुर बुढाथोकीले लिएका थिए । उनी त्यस समयमा गाउँपालिका अध्यक्ष निर्वाचित भएका थिएनन् ।

बुढाथोकीले आफू गाउँपालिकाको अध्यक्ष भएपछि रोल्पाका राजेन्द्र वलीलाई अस्पताल निर्माणको अख्तियारी दिएका छन् । तर कामदारले पैसा पाउन नसकेपछि पछिल्लो १ महिनायता निर्माण कार्य पूरै ठप्प छ ।

पालिकाका सव इन्जिनियर भुपेन्द्र पुन मगरले अस्पतालको काम १ महिनादेखि रोकिएको जानकारी दिए । उनले भने, 'यो वर्ष काम हुने सम्भावना कमै छ । पालिकामा अस्पताल निर्माणको लागि बजेट छैन,' उनले मध्यान्हसँग भने ।

इन्जिनियर पुनले २ पटकसम्म म्याद थप गर्दा पनि ४०/४२ प्रतिशत मात्र भौतिक प्रगति हुन नसकेको बताए ।

१२ करोड ६ लाख रुपैयाँमा निर्माण गर्ने सम्झौता भएकोमा ठेकेदारलाई अहिलेसम्म ५ करोड रुपैयाँ मात्रै भुक्तानी भएको छ ।

**डुंगेश्वरमा...**

पालिकामा धमाधम अस्पतालको काम भइरहे पनि आफ्नोमा नबन्दा खिन्न महसुस भएको बताए ।

**अन्य पालिकामा पनि उस्तै**

यीबाहेक पनि अन्य दर्जनौं पालिकामा अस्पताल निर्माणको अवस्था अलपत्र छ ।

कतिपय पालिकामा अस्पताल निर्माणको काम आधा पुगेर रोकिएको छ । अधिकांश पालिकामा स्रोत सुनिश्चित नभएकाले काम शुरू हुन नसकेको गुनासो ती पालिका अध्यक्षहरूको छ ।

सुर्खेतको लेकवेशी नगरपालिका बाहेक अन्य ८ पालिकामा अस्पताल निर्माणका लागि एकसाथ शिलान्यास भएको थियो । तर, वीरेन्द्रनगर नगरपालिकाबाहेक अन्य पालिकामा अस्पताल अहिलेसम्म ठडिन सकेको छैन । कतै जग्गा प्राप्तिमा समस्या छ भने कतै डिपिआर अलपत्र परेको छ ।

हुम्लामा ६ वटा आधारभूत अस्पताल निर्माण गर्नुपर्नेमा ३ वटा स्थानीय तहमा काम सुरु भएकै छैन । नाम्खा गाउँपालिकामा जग्गा विवाद हुँदा मन्त्रालयमा पठाएको भन्दै कामै सुरु गरेको छैन् । यस्तै सर्केगाडमा जमिनमात्रै खारेको, चंखेलीमा ३ वर्षमा टेन्डर मात्रै आह्वान भएको छ ।

यस्तै, ताँजाकोटमा फाउन्डेशन पिलर तयार भएर पहिलो तला मात्रै निर्माण भएको छ भने अन्य ३ वटा पालिकामा कामसमेत कछुवा गतिमा अगाडि बढेको छ ।

यस्तै, जुम्लामा पनि यस्तै हालत छ । २ चरणमा गरी आधारभूत अस्पताल निर्माणका लागि जुम्लामा ७ वटा स्थानीय तह छनोट भएका थिए । ३ वटामा अस्पताल निर्माणको काम थालिएपनि ४ वटामा कामै सुरु भएको छैन ।कालीकोटका ८ स्थानीय तह अस्पताल निर्माणका लागि छनोट भएका थिए । ती मध्ये ५ वटामा काम सुरु नै भएको छैन । यसैगरी डोल्पामा कतै बजेट नभएको, टेन्डर नभएको, जग्गा नभएको, डिपीआर स्वीकृतिका लागि मन्त्रालयमा गएको, पिलर हाल्ने काम भएको भन्दै बहाना देखाइएको छ ।

यस्तै, मुगुका केही पालिकामा निर्माणधीन रहेको र कुनै पालिकामा डोल्पा जस्तै बहाना देखाइएको छ ।

**सिम्तामा सेवा सुरु**

सुर्खेतको सिम्ता गाउँपालिकाले १५ शैयाको आधारभूत अस्पतालको सेवा सुरु गरिसकेको छ । गाउँपालिका अध्यक्ष ऐन बहादुर चन्दकाअनुसार अस्पतालमा डा. नवीन काफ्ले र डा. आशिष यादवले सेवा दिइरहेका छन् । सुर्खेतको चिङ्गाड, जाजरकोटको शिवालय र सल्यानको वनगाड कुपिण्डे नगरपालिकाका केही पालिकासमेत सिम्ता गाउँपालिकासँग जोडिएको हुँदा ती क्षेत्रका नागरिकहरूले पनि अस्पतालको सेवा लिने अपेक्षा गरिएको छ ।

**९ वर्षपछि...**

उपभोक्ता अदालत गठन हुन नसकेको भनेर आलोचना भएपछि सरकारले गत माघ १३ गते काठमाडौं उपत्यकाका तीन जिल्ला कार्यक्षेत्र रहने गरी उपभोक्ता अदालत गठन गरेको गर्ने निर्णय गरेको थियो ।

न्याय परिषद्को सिफारिसमा मन्त्रिपरिषदको बैठकले काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई उपभोक्ता अदालतको अध्यक्ष नियुक्त गरेको छ । न्यायाधीश शर्मालाई न्याय परिषद्सँगको परामर्शमा अध्यक्ष तोकिएको हो । न्याय सेवा आयोगले उपसचिव गेहेन्द्रराज रेग्मी र उद्योग मन्त्रालयले उपसचिव आनन्दराज पोखरेललाई अदालतको सदस्य तोकेको छ ।

यससम्बन्धी सूचना मंगलबार कानुन न्याय तथा संसदीय मामिलामन्त्री चौरसियाले प्रतिनिधि सभाको बैठकमा टेबुल गरेका हुन् ।

मन्त्री चौरसियाका अनुसार सर्वोच्च अदालतले समेत सातै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न आदेश दिएको थियो । सर्वोच्च अदालतले २०७८ सालमै यस्तो आदेश दिएको थियो ।

तर, सरकारले तत्कालका लागि काठमाडौं उपत्यकाका तीन जिल्लालाई कार्यक्षेत्र तोकेर अदालत गठन गरेको छ ।

उनले भने, 'सर्वोच्च अदालतको २०७८ साल फागुन ८ गतेको परमादेश अनुसार काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको मुद्दा हेर्ने गरी सरकारले उपभोक्ता अदालत गठन गरिएको छ ।'

उपभोक्ता संरक्षण ऐनको दफा ४१ मा उपभोक्ता अदालतसम्बन्धी व्यवस्था छ । जसमा सरकारले तोकेको सम्बन्धित जिल्लाको जिल्ला न्यायाधीशको अध्यक्षतामा न्याय सेवाको उपसचिव र सरकारले तोकेको उपसचिव सदस्य रहने उल्लेख छ ।

संविधानमा गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था छ । उपभोक्ता अदालत गठन नहुँदा नागरिकले संविधानतः प्राप्त यस्तो मौलिक हक उपभोग गर्न पाएका थिएनन् । उपभोक्तालाई ठगी गर्नेमाथि कारबाही गर्न उपभोक्ताले धेरै ठाउँ धाउनुपर्ने अवस्था अन्त्य उपभोक्ता अदालतको उदेश्य छ । उपभोक्ता अदालत गठन भएसँगै अब उपभोक्ताले पनि आफू ठगिएको गुनासो गर्न सक्छन् । कालो बजारी र महँगीको गुनासो लिएर उपभोक्तहरू जान सक्छन् । उपभोक्ता अदालत गठन नहुँदा यस्ता गूनासा जिल्ला अदालत पुग्ने गरेका छन् ।

संविधानतः गुणस्तरहीन वस्तुको उपभोग गर्न पाउनु नागरिकको मौलिक हक हो । अन्यथा भएको खण्डमा पुगेको व्यक्तिको क्षतिपूर्ति पाउने हक हुनेछ मौलिक हक छ । उपभोक्ता अदालतले नागरिकको यही मौलिक हक उपभोगको विषयसम्बन्धी गूनासो सुनुवाइ गर्नेछ ।

उपभोक्तालाई गुणस्तरहीन वा स्वास्थ्यलाई हानि गर्ने वस्तु तथा सेवा बिक्री गर्ने, कालाबजारी जस्ता अपराध गर्ने उद्योगी तथा व्यापारिक घरानालाई उपभोक्ता अदालतले उपभोक्ताको उजुरीका आधारमा सजाय सुनाउने छ ।

उपभोक्ता अदालत कार्यान्वयनमा आएसँगै व्यापारिक तथा व्यवसायजन्य गतिविधि, नक्कली उत्पादनको लेबल लगाउने कार्य, उपभोक्ताको ज्यान जाने गरी जोखिमयुक्त, कमसल र गुणस्तरहीन त्रुटिपूर्ण उत्पादन सम्बन्धी कसूरको सुनुवाइ यही अदालतमा हुनेछ ।

उपभोक्ता अदालतको क्षेत्राधिकार अन्तर्गत एकाधिकार, सिन्डिकेट र कार्टेलिङ, आवश्यकताभन्दा बढी सञ्चय गर्ने, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैंकिङ वा त्यस्तै प्रकृतिका अन्य सेवा, कानुनी, चिकित्सा र इन्जिनियरिङजस्ता क्षेत्रमा उपभोक्तामाथि ठगी गर्नेलाई जवाफदेही बनाउने रहेको छ ।

**१६ बुँदे ...**

रोजगारदाता र श्रमिकका लागि लाभदायी बनाउन स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूलाई प्रविधिको अधिकतम प्रयोगमार्फत सुदृढीकरण गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

त्यस्तै घोषणापत्रमा प्रभावकारी श्रम कूटनीतिका माध्यमबाट वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै बाध्यात्मकरूपमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने, नीतिगत तथा कानुनी सुधार गरी वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सीपको प्रमाणीकरण गरी उनीहरूले आर्जन गरेको सीप, पुँजी र अनुभवलाई उत्पादनशील कार्यमा उपयोग गर्ने विषय पनि घोषणापत्रमा उल्लेख छ ।

**श्रम...**

रोजगार व्यवसायी संघका कार्यवाहक डिकबहादुर खत्रीलगायतले कार्यपत्र प्रस्तुत गरेका थिए । का.वा. अध्यक्ष खत्रीले मागपत्र प्रमाणीकरण, संख्या सय समस्या समाधान र सेवा शुल्क परिमार्जनका विषयमा रहेका समस्या समाधान गरी तत्कालै लागत निर्धारण नभए वैदेशिक रोजगार सुरक्षित हुन नसक्ने भनाइ राखे । गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीले वैदेशिक रोजगारमा चेक रिपब्लिक, पूर्वी युरोप र इराकको कुर्दिस्तान, रुसलगायतका देशमा वैदेशिक रोजगारमा जान श्रम स्वीकृति प्रदान नगरिदिँदा जोखिम बढेको भन्दै हतारहतारमा श्रम स्वीकृति बन्द गर्ने, तर परिस्थिति सहज हुँदा पनि खुला गर्ने विषयमा आनाकानी गर्ने विषयले वैदेशिक रोजगारलाई सुरक्षित बनाउन नसक्ने उल्लेख गरे ।

नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष प्रतिमा महर्जन, पौरखी नेपालकी मञ्जु गुरुङले घरेलु महिला कामदारको श्रम स्वीकृति बन्द गर्दा बिचौलियालाई मात्रा फाइदा पुगेको भन्दै अल्भेर नबस्न सरकारको ध्यानाकर्षण गराए ।

संघका सचिव कर्णराज कटुवालले जस्तोसुकै अवस्थामा पनि सय जना कामदार वैदेशिक रोजगारमा पठाउन सरकारले सिर्जना गरेको बाध्यताले वैदेशिक रोजगारको गुणस्तरीयता घटेको र कामदार अत्यन्तै असुरक्षित भएकाले सरकारले तत्कालै यसमा पुनर्विचार गर्नुपर्ने अवस्था रहेको सुझाव दिए । उनले मागपत्र प्रमाणीकरणमा सहजता नभएको विषय पनि उठाए ।


Government of Nepal (GoN)
Ministry of Home Affairs
Nepal Police Head Quarters
## Cyber Bureau
Bhotahiti, Kathmandu

## Re-Invitation for Bids

**Date of publication: 12th March, 2025 (28th Falgun, 2081)**

1. The **Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti, Kathmandu** invites **electronic bids** from eligible bidders for the procurement of **below mentioned Goods** under National competitive bidding –**"Single Stage Two Envelope procedures".** The name and identification of the contract are as follows:

| S.N. | Contract ID No. | Name of Goods | Quantity | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | NPHQ/CB/NCB/2081-082/03/RE | Open Source Intelligence Platform | 1 Package | 352000.00 | 3,000.00 |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing **"The Technical Bid"** and the other **"The Price Bid"**, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti, Kathmandu, Tel 01-5319044, 9851286774 and Email address cyberbureau_ac@nepalpolice.gov.np.** or may visit PPMO eGP system **www.bolpatra.gov.np/egp.**
4. Bidder must submit their bid electronically as per e-GP System Operation Guidelines, 2074. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Rastriya Banijya Bank Ltd, Thamel, Kathmandu.**
**Name of Office : Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti**
**Office Code no. : 31-40-43-510**
**Office Account no.: 1000100200010000**
**Rajaswa (revenue) Shirshak no. : 14229**
5. Pre-bid meeting shall be held at **Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti Kathmandu.** at **on 21th March, 2025 (08th Chaitra, 2081) at 13:00 hours.**
6. Electronic bids must be submitted to the office **Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti Kathmandu** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 27th March, **2025(14th Chaitra, 2081)** at **12:00 hours.** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **27th March, 2025(14th Chaitra, 2081)** at **14:00 hours** at the office of **Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti Kathmandu.** Bids must be valid for a period of **90** from the date of bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. **Nepal Police Headquarters, Cyber Bureau, Bhotahiti, Kathmandu** reserves the right to accept or reject any Bid, party or wholly, or cancel the Bids altogether, without assigning any reason whatsoever.

Government of Gandaki Province
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
## Infrastructure Development Office
Mustang District

## Invitation for Electronic Bids

**Date of Publication: 2081-11-28 (12th March 2025)**

1. Infrastructure Development Office, Mustang invites **online bids only** under e-procurement system from eligible bidders for the construction works of ***Projects*** under bidding procedures **as *mentioned below***. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Works Descriptions | Engineers' Estimated with VAT & PS (Nrs) | Bid Fee (Nrs) | Bid Validity Period (Days) | Bid Security Amount (Nrs) | Bid Security Validity Period (Days) | Last Date of Bid Submission | Procurement Type | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road upgradation works from Sonam's House to Syang Gaun, Gharapjhong Ga. Pa.-03 **IDO/MUSTANG/NCB/W/R/05/081-82** | 72,42,860.60/- | 3,000/- | 90 | 185,000/- | 120 | 12:00 Hours 27th March 2025 (14 th Chaitra 2081) | National Competitive Bidding (NCB) | Re-Bidding |
| 2. | Construction of Culvert Bridge on Nyamdo Khola, Lomangthang Ga. Pa.-04 **IDO/MUSTANG/NCB/W/B/02/081-82** | 48,15,848.46/- | | | 125,000/- | | | | |

2. **Bank details for Bid Documents:-**
**Name of the Bank: Nepal Bank Ltd., Jomsom, Mustang** — **Name of Office: Infrastructure Development Office (IDO), Mustang**
**Office Code No: 3370141014** — **Office Account no: 27302000001001000001**
**Rajaswa (Revenue) Shirshak No.: 14229**
3. **Pre-bid Meeting will be held in Infrastructure Development Office, Mustang at:**
   - **13:00 hours of 2025/03/20 (2081/12/07), Thursday for National Competitive Bidding (NCB) Type Procurement Procedure**
4. **Bid will be opened in Infrastructure Development Office, Mustang at:**
   - **13:00 hours of 2025/03/27(2081/12/14), Thursday for National Competitive Bidding (NCB) Type Procurement Procedure**
5. **The Bidder shall furnish a bid security from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee. In case of cash deposit for Bid Security details are mentioned below:**
**Office Name: Infrastructure Development Office, Mustang** — **Bank Name: Nepal Bank Ltd., Jomsom, Mustang**
**Account Name: KHA 2.3- MUSTANG DHARAUTI KHATA** — **Account Number: 06802000002003000001**
**Office Code: 3370141014**

**Infrastructure Development Office, Mustang**

# ‘देशलाई पछाडि होइन, अगाडि बढाउने हो’

**विराटनगर/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै सरकारले सुशासन र समृद्धिको बाटोमा तीव्रताका साथ काम गरेर मुलुकलाई अगाडि बढाउन थालेको बताएका छन् ।

कोशी प्रदेशसभामा मंगलबार विशेष सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको बलिदानी संघर्षको बलमा प्राप्त संविधानको रक्षा गरी आवश्यकतानुसार जनता र संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा संशोधन गर्दै जाने बताए । यस प्रणालीमा जो कोही पनि प्रतिस्पर्धा गर्न पाउने भएकाले व्यवस्थाविरोधी आवाज उठाउन आवश्यक नभएको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले संविधानसम्मत्, शान्तिपूर्ण र सुशासनको बाटोबाट यस व्यवस्थालाई अझ उन्नत बनाउन सकिने उल्लेख गरे ।



‘हामी जनताको गरिबी र पछ्यौटेपन हटाएर जान चाहान्छौँ। गरिबी हटाएर मात्रै हामी सन्तोष मान्दैनौं । समग्र मानवीय जैविक र न्यायोजित आवश्यकताको परिपूर्ति गरेर मुलुकलाई अगाडि बढाउनुछ’, प्रधानमन्त्री ओलीले भने, ‘नागरिक सर्वोच्चता भएको यस प्रणालीमा रहेर अब हामी समृद्धिका लागि छिटो काम गर्न चाहन्छौं । रोजगारीका अवसरमा सृजना गर्न चाहन्छौं । त्योभन्दा पहिला हामीले उद्यमशीलतामा जोड दिनुपरेको छ । त्यसकारण देशलाई पछाडि फर्काउने होइन, अगाडि बडाउने हो । संविधानबमोजिम तीनै तहका सरकारले सहकार्य गरेर देश विकासमा लाग्नुपर्छ ।’

प्रधानमन्त्री ओलीले देशको भौगोलिक, सांस्कृतिक र जातीय विविधतालाई मनन् गरेर विविधताबीच एकता कायम गरेर ज्ञान र गौरवको यस नेपाललाई विश्व मानचित्रमा सार्वभौम, लोकतान्त्रिक र समृद्ध बनाउन आग्रह गरे ।

# देवाही गोनाहीमा कार्यालय प्रमुख दासले सम्हाले जिम्मेवारी



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २७ फागुन

रौतहट देवाही गोनाही नगरपालिका कार्यालय प्रमुखको जिम्मेवारी धनन्जय दासले सम्हालेका छन् । निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा दासले मंगलबार नगरपालिकामा हाजिर भइ कार्यभार सम्हालेका हुन् । दासलाई देवाही गोनाही नगरपालिका जनप्रतिनिधिहरुले भव्य स्वागत गरेका थिए। नगरपालिका कार्यालयको सभाहलमा आयोजित स्वागत कार्यक्रममा नगरपालिका कार्यालय प्रमुखको जिम्मेवारी पाएका दासलाई नगर प्रमुख प्रेमलाल साह, नगरउपप्रमुख प्रनिया देवी पटेल, वडाध्यक्षहरु, कार्यपालिका सदस्यसहितका जनप्रतिनिधि र कर्मचारीहरुले टिका, माला र दोसल्ला ओढाएर भव्य स्वागत गरेका थिए ।

कार्यक्रममा नगरप्रमुख साहले निमित्त प्रमुख प्रशासकीय अधिकृत दासलाई सफल कार्यकालको शुभकामना दिएका थिए । यसअघि देवाहिगोनाहीको कार्यालय प्रमुख रहेका शाखा अधिकृत सन्देश यादवको अन्यत्र सरुवा भएपछि उनको ठाउँमा कार्यालय प्रमुखको जिम्मेवारी दासले पाएका हुन्। कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्दै निमित्त प्रमुख प्रशासकीय अधिकृत दासले आफू सबै जनप्रतिनिधि,कर्मचारी अन्य सबै पक्षलाई समेटेर मन जित्नेगरी नगरको हितमा काम गरेर देखाउने प्रतिबद्धता जनाए ।

# कांग्रेस कार्यालयमा शिक्षकको धर्ना



**काठमाडौं/मस–** नेपाल शिक्षक महासंघले नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा मंगलबार धर्ना दिएको छ । महासंघले दोस्रो चरणको आन्दोलनअन्तर्गत कांग्रेस कार्यालय सानेपामा धर्ना दिएको हो। महासंघले राजनीतिक दलका कार्यालयहरूमा धर्ना दिने कार्यक्रम अन्तर्गत धर्ना दिएको हो । विगतमा सरकारसँग भएका सहमतिलाई सम्बोधन गर्न महासंघले सरकार र पार्टीहरूको ध्यानाकर्षण गराउँदै आएको छ ।

२४ फागुनमा पहिलो चरणको आन्दोलन पूरा गरेको महासंघले २७ फागुनदेखि दोस्रो चरणको आन्दोलनको घोषणा गरेको हो । मंगलबारदेखि ५ चैत्रसम्म राजनीतिक दलका केन्द्रीय कार्यालयमा प्रतिनिधिमूलक धर्ना दिने कार्यक्रम महासंघको छ ।

पहिलो चरणको आन्दोलन सकेर दोस्रो चरणको आन्दोलन अन्तर्गत महासंघले मंगलबार नेपाली कांग्रेसको कार्यालय घेराउ गर्ने अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिए। महासंघले बुधबार नेकपा एमालेको कार्यालय घेराउ गर्नेछ । यस्तै चैत्र १ गते नेकपा (माओवादी केन्द्र)को कार्यालय र चैत्र २ गते नेकपा (एकीकृत समाजवादी)को कार्यालय घेराउ गरिने पनि अध्यक्ष सुवेदीले बताए। त्यस्तै चैत्र ३ गते राष्ट्रिय स्वतन्त्र पार्टी, चैत्र ४ गते जसपा, लोसपा र राजमोको कार्यालय र चैत्र ५ गते जनमत, नागरिक उन्मुक्ति र राप्रपाको कार्यालय घेराउ गरिने छ। लामो समयदेखि विद्यालय शिक्षा ऐन जारी गर्न नसकेको भन्दै ऐन जारी गराउन दबाब दिन महासंघले २० माघदेखि आन्दोलन थालेको हो ।

विगतमा धेरै पटक आन्दोलन भई नेपाल सरकारसँग थुप्रै सहमतिहरू भएको महासंघले जनाएको छ। विगतमा भएका ती सबै सहमति सम्बोधन हुनेगरी नयाँ विद्यालय शिक्षा ऐन आउनुपर्नेमा त्यसका ढिलाइ भइरहेको महासंघको भनाइ छ । त्यस्तै सांसदहरूसँग भेटघाट कार्यक्रम समेत महासंघले अघि सारेको छ । महासंघले २० चैतदेखि काठमाडौंका सडकमा अनिश्चितकलीन आन्दोलन गर्ने पनि जनाएको छ । आन्दोलन विद्यालय शिक्षा ऐन जारी नभएसम्म कायम रहने महासंघले जनाएको छ। यस अवधिमा सबै सरकारी कामकाजको बहिष्कार गरिने समेत महासंघको योजना छ ।

## कतारमा रोजगार

कम्पनी: Alfred Talke Logistic Services Qatar LLC — शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८१/११/२७ — चलानी नं.: ६०२३४३३३ — LT. No.: 320234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६५,०४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 2 | 0 | | 1900 | ७२,६९४ | | | | | | | |
| 3. | Labour | 12 | 0 | | 1000 | ३८,२६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
(श्रम इजाजत नं ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९८४१९१
देबी प्रसाद अधिकारी ९८५१०९९३००,Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"

## Khaptad Chhededaha Rural Municipality
## Office of The Rural Municipal Executive

Dogadi, Bajura
Sudurpaschim Province, Nepal

### Invitation for Electronic Bids

**First Date of Publication: 2081/11/28**

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) with P.S. [Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| KCRM/NCB/W/08/2081-082 | Thella Uchaune Dekhi Matesaghu Khanepani Nirman, KCRM-02, Matesaghu, Bajura | 3,000.00 | 28,48,347.59 | 85,000.00 | Validity up to 120 days from the last date of bid submission | 2081/12/29 12:00 hrs | 2081/12/29 13:00 hrs |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

| | |
|---|---|
| **Details for Bid Documents Purchase Fee (upload the scanned copy (PDF format) of the bank deposit Voucher.)** | **Account Name: Rajaswa (Revenue) Khata**<br>**Name of Office: Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura**<br>**Office Code No.: 801076906**<br>**Name of the Bank: Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.**<br>**Office Account No.: 06108109220023** |
| **Details for Bid Security (Cash/Bid bond) Deposit (Submit Bank Deposit Voucher along with a Bid.)** | **Account Name: Dharauti Khata**<br>**Name of Office: Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura**<br>**Account No.: 06108109220014**<br>**Name of the Bank: Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.** |

5. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**

## वैदेशिक रोजगार विभागको
### सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/११/२८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **HIT OVERSEAS EMPLOYMENT PVT. LTD.** (ई.प.नं. १३७/०५५/५६) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर संख्या | अव कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. हिक्मत शेरचन (०१ - १७४००) | १. हिक्मत शेरचन (०१ - १७४००) |
| २. भुवन सि. पुन (१७४०१ - ३४८००) | २. भुवन सि. पुन (१७४०१ - ३४८००) |
| ३. किरण घर्ती (३४८०१ - ५२२००) | ३. किरण घर्ती (३४८०१ - ५२२००) |
| ४. राजन कुमार कुँवर (५२२०१ - ६९६००) | ४. राम कुमार गिरी (५२२०१ - ६९६००) (६९६०१ - ८७०००) |
| ५. राम कुमार गिरी (६९६०१ - ८७०००) | |

## काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/२८**

यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भइ बडीकेदार गा.पा. १ थलमा घाटगद्दी गरी राखेको सल्ला प्रजाति गोलिया थान **१४० को १४३६.०६** क्युफिट सल्लो । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागी सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सानुमाया सा.व.उ.स. सानुमाया गाउँपालिका वडा नं. १, डोटी**

## साउदीमा रोजगार

कम्पनी: Company AL-TIMKIN MASSANDE For Maintenance & Cleaning — शहर: Saudi
पूर्व स्वीकृत मिति: २०८१/११/२७ — चलानी नं.: ६०२३४३१३ — LT. No.: 320122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श हयुमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## कतारमा रोजगार

कम्पनी : PULLMAN HOTELS — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८१/११/२७ — चलानी नं.: ६०२३४३२९ — LT. No.: 320238

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GEN. CLEN. WORKER | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Washing Worker | 3 | 0 | | 1500 | ५७,३९० | | | | | | | |

कम्पनी : ALASEMA FACTORIES FOR BUILDING MATERIALS — शहर : Qatar
पूर्व स्वीकृत मिति: २०८१/११/२७ — चलानी नं.: ६०२३४३२८ — LT. No.: 320237

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६५,०४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 10 | 0 | | 1000 | ३८,२६० | | | | | | | |
| 3. | Marketing Represnt | 2 | 0 | | 2500 | ९५,६५० | | | | | | | |
| 4. | Supervisor | 2 | 0 | | 2500 | ९५,६५० | | | | | | | |
| 5. | Tile Maker | 2 | 0 | | 1200 | ४५,९१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत न.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## रामप्रसादराई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बैकुन्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/११/२८**

यस कार्यालयको बोलपत्र आह्वानको सूचना अनुसार तपशिलका निर्माण कार्यको लागि प्राप्त बोलपत्रहरुमध्ये न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जनकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | 03/RPRRMUN/2081/082 | Upgrading/Construction of Gumba-Dalgaun-Okhre-Hurbubhanjyang Road. | मकालु निर्माण सेवा भोजपुर | १,२७,५४,९४५.८५ | |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२८ फागुन २०८१ बुधबार
12 March 2025, Wednesday

## सम्पादकीय

# प्रधानमन्त्रीबाट चाहिएको प्रतिबद्धता

प्रदेश सभा बैठकमा राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभा अध्यक्ष जस्ता विशिष्ट व्यक्तिले प्रदेश सरकारको अनुरोधमा सम्बोधन गर्न सक्ने वैधानिक व्यवस्था छ । सोही व्यवस्था बमोजिम प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश सभाहरूलाई सम्बोधन गरिरहेका छन् । गत ५ फागुनमा लुम्बिनी, २३ फागुनमा कर्णाली र २५ फागुनमा सुदूरपश्चिम प्रदेश सभा बैठकलाई सम्बोधन गरेका प्रधानमन्त्री ओलीले २७ फागुनमा कोशी प्रदेश सभा सम्बोधन गरे । कोशी प्रदेश सभा पुग्दा केही असजिलो पनि देखियो । त्यहाँका विपक्षी दलहरू नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले प्रधानमन्त्रीको सम्बोधनमा समेटिने अन्तर्वस्तुबारे शंका गरे । विपक्षी भूमिकामा रहेका दलहरूलाई गालीगलौज मात्र गर्ने हो भने प्रदेश सभा बैठक बहिष्कार गर्ने उनीहरूले चेतावनी दिए ।

माओवादी र एकीकृत समाजवादीका नेताहरूको चेतावनीपछि मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रधानमन्त्रीको सम्बोधनमा गालीगलौज नहुने प्रतिबद्धता जनाउनु परेको थियो । विपक्षी कित्ताको शंका अनि मुख्यमन्त्रीले प्रधानमन्त्रीले बोल्ने अन्तर्वस्तुबारे पूर्वप्रतिबद्धता जनाउनु परिस्थिति आफैमा राम्रो होइन । किनकि लोकतान्त्रिक शासन प्रणालीमा आफूलाई लागेको कुरा निभर्यका साथ राख्न पाउनु संवैधानिक अधिकार हो । अझ मुलुकको कार्यकारी प्रमुखले देशको कुनै मञ्चमा बोल्नुपूर्व कुनै शक्तिसँग प्रतिबद्धता जनाउनुपर्ने परिस्थितिले राम्रो सन्देश होइन । यद्यपि बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा यस्तो परिस्थितिको सिर्जना असम्भाव्य हुँदैन, र भएन । तर प्रधानमन्त्रीको पहलकदमी सकारात्मक छ । किनकि प्रदेश सभामा गएर प्रधानमन्त्रीले बोलिरहँदा प्रदेशको समस्यामा नबोली सुखै हुन्न ।

प्रदेश सभामा प्रधानमन्त्रीले बोलिरहँदा सम्बन्धित प्रदेशको संभावना, विकासमा साझेदारी र सहयोगबारे कुरा नपर्ने कुरै हुँदैन । राष्ट्रिय राजनीतिमा पनि प्रधानमन्त्रीको प्रतिबद्धताको अर्थ हुन्छ । अझ ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रदेश सभाहरूलाई सम्बोधन गर्नु अर्थपूर्ण छ । किनकि प्रदेश संरचनाप्रति प्रधानमन्त्री ओली अनुदार रहेको आरोप लाग्ने गरेको छ । मुलुक संघीय संरचनामा गएको दशक बित्दा अझै आवश्यक कानुनहरू समेत नबन्नुले पनि त्यस्ता आरोपमा बल पुगिरहेको छ । तसर्थ प्रधानमन्त्री ओलीले यसपटक प्रदेश सभाहरूलाई सम्बोधन गरिरहँदा आरोपहरूको खण्डन मात्र हुनेछैन । बरू आवश्यक कानुन निर्माण, वित्तीय सहयोग र साझेदारीमा संघीय सरकारको प्रतिबद्धता सार्वजनिक हुन्छ । संघीयता कार्यान्वयनमा सहयोग पुग्छ । प्रधानमन्त्री ओलीले पनि प्रदेशहरूमा सम्बोधन गरिरहँदा संवैधानिक व्यवस्था बमोजिम प्रदेशहरूलाई बलियो बनाउन लाग्ने प्रतिबद्धता गरिनु जरूरी छ ।

# किन सकसमा छ अर्थतन्त्र ?

*पछिल्लो ७ महिनालाई केलाउँदा मात्रै मुलुकको व्यापार घाटा साढे ८ खर्ब माथि छ । यही गतिमा जाँदा व्यापार घाटा बजेटभन्दा माथि पुग्ने देखिन्छ । यसले हामीलाई हाम्रो अर्थतन्त्रको संरचना कस्तो छ भन्ने प्रष्ट पार्छ...*

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

विगत करिब एक दशकमा नेपालको औसत आर्थिक वृद्धिदर ४.९ प्रतिशत रहेको थियो । जसको फलस्वरूप विगत एक दशकमा न्यून आर्थिक वृद्धि र बढ्दो आयातका कारण परनिर्भरता विशेषगरी भारततर्फ भएको देखिन्छ देखिन्छ । वि.सं. २०१७ मा ५० अमेरिकी डलर रहेको नेपालीको प्रतिव्यक्ति आय २०४६ मा पुग्दा १९३ डलर भएको थियो । तर, २०७५ सालपछि प्रतिव्यक्ति आय १००४ डलर भएको छ । वि.सं. २०७९ अर्थात् सन् २०२२ मा आउँदा नेपाललाई अतिकम विकसित देशबाट माथि उकास्ने र सो अवधिसम्म प्रतिव्यक्ति आय १ हजार ५ सय अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको थियो भने सन् २०३० सम्म नेपालीको प्रतिव्यक्ति आय ४ हजार १ सय डलर पुऱ्याएर मध्यम आयको देश बनाउने लक्ष्य छ ।


आ.ब. २०७५/७६ मा ७.१ प्रतिशतले आर्थिक वृद्धि हासिल गरेको सरकारले २०७६/७७ मा ८.५ प्रतिशतको लक्ष्य राखेको थियो । विगत करिब १० वर्षमा ६ देखि ८ प्रतिशतको आर्थिक वृद्धि गर्ने आंकलन गरिएको थियो । वि.सं. २०६६/६७ मा ४.८ प्रतिशतको नेपालको आर्थिक वृद्धिदर १० वर्षपछि २०७५/७६ मा ७.१ प्रतिशत भएको राम्रो पक्ष हो । आर्थिक वर्ष २०६७/६८ मा ३.४ प्रतिशत, २०६८/६९ मा ४.८ प्रतिशत र २०६९/७० मा ४.१ प्रतिशत आर्थिक वृद्धिदर हासिल भएकोमा आ.ब. २०७०/७१ मा ६ प्रतिशत, २०७१/७२ मा ३.३ प्रतिशत र २०७२/७३ मा भूकम्पका कारण ०.६ प्रतिशत हासिल भयो । आ.ब २०७८/७९ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १५ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । यसैगरी आ.ब. २०७९/८० मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । तर, आ.ब २०८०/८१ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ ।

२०८१/८२ को ७ महिनामा निर्यातभन्दा आयात ९ गुणा बढी रहेको छ । ७ महिनामा आयात रु.९ खर्ब ८८ अर्ब र निर्यात जम्मा १ खर्ब २७ अर्ब भएको छ । जसका आधारमा नेपालको व्यापार घाटा रु ८ खर्ब ६१ अर्ब छ । सरकारले देशभित्र उत्पादित वस्तुका निर्यात बढाउन वाणिज्य नीति २०८०, निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८० निर्माण गरेको थियो । तर, यसको कार्यान्वयन कमजोर रहँदा वैदेशिक व्यापारमा आयात र निर्यातबिच फैसला उच्च रहेको छ । वाणिज्य नीति २०७२ विस्थापित गरी २०८० को व्यापार नीति आएको छ ।

२०७३/७४ मा ८.२ र २०७४/७५ मा ६.७ प्रतिशतले आर्थिक वृद्धि हासिल भएको थियो । २०७५/७६ मा ७.१ प्रतिशतले आर्थिक वृद्धि भएको थियो । १० वर्षमा अर्थात् २०७७/७८ देखि २०८६/८७ सम्म नेपालको आर्थिक वृद्धि ६ देखि ८ प्रतिशतमा रहने आंकलन गरिएको छ । आ.ब. २०७६/७७ र २०७७/७८ र त्यसपछिमा कोरोना भाइरसका कारण आर्थिक वृद्धि संकुचन रहने देखिएको छ । सन् २००७ (वि.सं.२०६४) देखि २०१७ (वि.सं.२०७४) को अवधिमा नेपालको औसत आर्थिक वृद्धिदर ४.१ प्रतिशत रहेको थियो । २०७३/७४ पछि देशमा राजनीतिक स्थिरताका संकेतहरू देखिएका छन् । नेपालमा वार्षिक १० करोड अमेरिकी डलरको हाराहारीमा विदेशी लगानी प्रवाह भइरहेको देखिन्छ ।

१५औं योजनाको अवधिमा औद्योगिक क्षेत्रको योगदान हालका वर्षका १४ प्रतिशतबाट वृद्धि गरी आर्थिक वर्ष २०८०/८१ सम्म २२.२ प्रतिशत पुऱ्याउने र दीर्घकालीन लक्ष्यअन्तर्गत आ.ब. २१०० सम्ममा ३० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यसअन्तर्गत सरकारले २०७३/७४ पछि जस्तै नीतिगत र कानुनी परिवर्तन र व्यवहारिकरूपमा समयानुसार सहजीकरणको भूमिका रहने भनिएको छ ।

आउँदा एक दशकभित्र अर्थात् २०३० भित्र नेपालको छिमेकी चीन विश्वकै प्रमुख अर्थव्यवस्था बन्ने प्रक्षेपण गरिएको छ भने भारत चौथो ठुलो अर्थतन्त्र हुने प्रयासमा छ । यी देशहरू विश्वका धेरै जनसंख्या भएका देश हुन् । चीन र भारत दुवैले नेपालसम्म रेल पहुँचको विस्तार गरी नेपाललाई भू-जडित देशका रूपमा परिणत गर्ने




योजना अघि सारेका छन् । यसले गर्दा बजार सम्भाव्यताको मौका नेपालले पाउने देखिन्छ । अबका दशकमा नेपालले अपनाउने आर्थिक सुधारका नीतिसँग देशको तीव्र गतिमा आर्थिक विकास हासिल गर्ने आंकलन गरिएको छ ।

निकासी बढाउनका लागि वाणिज्य नीति २०७२, नेपाल व्यापार एकीकृत रणनीति २०७३ र वाणिज्य क्षेत्रका ऐनहरू कार्यान्वयनमा आएका छन् । निर्यात बढाउन निर्यातोन्मुख उत्पादन क्षेत्रमा ह्वात लगानी बढाउन पर्ने हो । नेपालको विश्व व्यापार संगठन अर्थात् डब्लुटिओ, सार्कअन्तर्गतको साफ्टा र बिमस्टेकजस्ता अन्तर्राष्ट्रिय संघ, संस्थासँगको आबद्धता र कतिपय देशसँग द्विपक्षीय व्यापार सम्झौता भई बजार पहुँच विस्तार भए पनि आन्तरिक पूर्वाधारका संरचना अभावका कारण बाह्यबाट आएका सुविधा उपयोग गर्न नसक्दा निर्यात प्रवर्द्धनमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिएको छैन ।

व्यापार घाटा देशको लागि खाटा भएको छ । एक दशकको अवधिमा व्यापार घाटा ३ सय प्रतिशतले बढेको छ । आ.ब. २०६७/६८ मा रु. २ अर्ब २७ करोड ५१ लख रहेको व्यापार घाटा २०७५/७६ मा रु.१३ खर्ब २१ अर्ब ४२ करोड भएको देखिन्छ । २०७५/७६ को व्यापार घाटा जिडिपीको ३८ प्रतिशतभन्दा बढी रहेको थियो । तर, २०७४/७५ मा जिडिपीको ३६ प्रतिशतको हाराहारीमा थियो । देशले २०७५/७६ मा १ सय ५७ वटा देशसँग व्यापार रहेकोमा १ सय ३४ वटा देशसँग व्यापार घाटा भएको थियो । अत्यन्त न्यून परिमाणमा व्यापार रहँदै आएको २३ वटा देशसँग भने नेपालको व्यापार नाफामा रहँदै आएको छ । नेपालको सबैभन्दा बढी व्यापार घाटा भारतसँग रहँदै आएको छ । नेपालले भारतबाट रु.९ खर्ब १७ अर्ब ९२ करोडको माल तथा सेवा आयात गरेको छ । तर निर्यात भने एक आ.ब.मा रु. ६२ अर्बको मात्र निर्यात रहेको देखिन्छ । आ.ब. २०७५/७६ मा चीनबाट रु. २ खर्ब ५ अर्ब ५१ करोडको माल तथा सेवा आयात भएकोमा जम्मा रु. २ अर्ब १० करोडको मात्र निर्यात रहेको थियो ।

निर्यात सम्भावना भएका वस्तुहरू तथा सेवाहरूका उत्पादन किन अगाडि बढ्दैनन् ? देशमा विलासिताको वस्तुहरू र राष्ट्रलाई भार पर्ने वस्तुहरू किन अत्यधिक आयात गरिन्छन् ? के विश्व व्यापार संगठनको सदस्यका नाताले र उदारीकरणका पक्षधरका हिसाबले आयात अन्धाधुन्ध आयात गर्न पाइन्छ त ? एक दशकमा आयात साढे ४ गुणाले बढेको छ भने निर्यात सो अवधिमा दोब्बर पनि हुन सकेको छैन ।

> नेपालमै प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने देखिन्छ । जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापना गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिन नीति बनाउन आवश्यक छ...

नेपालमा जलविद्युत, कृषि, पर्यटन, पूर्वाधारलगायतका क्षेत्रमा लगानीको सम्भावना उल्लेखनीय रहेको हुँदा ती क्षेत्रमा भारतलगायतका लगानीकर्तालाई आकर्षित गर्नुपर्ने देखिन्छ । भारत नेपालको ठूलो व्यापारिक र विकास साझेदार भएकाले नेपालको जलविद्युत, कृषि, पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न निजी क्षेत्रको साथ लिन आवश्यक छ । नेपालमै प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने देखिन्छ । जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापना गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिन नीति बनाउन आवश्यक छ ।

निर्यातजन्य वस्तु उत्पादनतर्फ जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुसरण गरिएको भए पनि व्यापार घाटाको उच्च वृद्धिदर तथा निर्यातको सानो आधार र न्यून वृद्धिदरका कारण निर्यातमा आधारित आर्थिक वृद्धि सम्भाव्यता तत्कालका लागि कमजोर नै देखिन्छ । सरकारी तहमा पुँजी निर्माणको कमजोर स्तरका कारण औद्योगिक क्षेत्रमा ठूलो निजी पुँजी आकर्षित गरी निर्यात बढाउन सकिने सम्भावना पनि कम रहेकाले आन्तरिक मागमा आधारित आर्थिक वृद्धि मोडेलमार्फत उच्च आर्थिक वृद्धि गर्न सकिने सम्भावना आंकलन गर्न सकिन्छ ।

*(रेग्मी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुन् ।)*

## इतिहासमा आज

१२ मार्च १३६५ मा भियना विश्वविद्यालयको स्थापना भएको थियो ।



१२ मार्च १९३० मा महात्मा गान्धीले आफ्नो साल्ट मार्च सुरु गरेका थिए ।



१२ मार्च १९३८ मा नाजी जर्मनीले अस्ट्रियामा आक्रमण गरेको थियो ।



१२ मार्च १८९४ मा मिसिसिपीको भिक्सवर्गमा रहेको क्यान्डी स्टोरमा पहिलो पटक कोका-कोला बोतलहरूमा बेचिएको थियो ।



# खनिज स्रोतमा नेपाल

विचार



● राजेन्द्र गजुरेल

> *नेपालमा खनिज स्रोतहरु प्रचुर मात्रामा भए पनि तिनको व्यावसायिक उपयोग न्यून छ । यदि नीति निर्माण, प्रविधि विकास, लगानी प्रोत्साहन तथा उचित व्यवस्थापन गरियो भने नेपाल खनिज उत्खनन तथा प्रशोधनमा आत्मनिर्भर बन्न सक्ने सम्भावना छ...*

नेपाल खनिज सम्पदाका हिसाबले विविध सम्भावना बोकेको देश हो । हिमालय पर्वतमालादेखि तराईसम्म फैलिएको भूगोलले विभिन्न प्रकारका खनिज पदार्थको उपस्थिति जनाउँछ । तर, यस्ता स्रोतहरूको उपयोग र व्यावसायिक उत्खनन भने सीमित रहेको छ । नेपालका मुख्य खनिज स्रोतहरूमा फलाम, तामा, सुन, जस्ता, चुनढुङ्गा, जिप्सम, कोइला, मार्बल, क्वार्टज, सिलिका, प्राकृतिक ग्यास र पेट्रोलियम पदार्थको सम्भाव्यता समावेश छन् । यी खनिजहरूमध्ये केहीको प्रारम्भिक खोज र उत्खनन भए पनि व्यावसायिक रूपमा उपयोगको अवस्था कमजोर छ ।

खनिज स्रोतहरूको खोज, उत्खनन, प्रशोधन र व्यावसायिक उत्पादनका लागि नेपाल सरकारले केही पहलहरू गरेको छ । खानी तथा भूगर्भ विभागले विभिन्न अनुसन्धान तथा अध्ययन गरी खनिज पदार्थको भण्डार पत्ता लगाउने प्रयास गरिरहेको छ । हालसम्म चुनढुङ्गा, डोलोमाइट, जिप्सम, फलाम, तामा जस्ता खनिजको उत्खनन भइरहेको छ । कतिपय खानीहरू निजी क्षेत्रले सञ्चालन गरेका छन् भने कतिपय खानीहरू सरकारी स्वामित्वमा छन् ।

नेपालमा खनिज स्रोतहरूको विकासमा धेरै चुनौतीहरू छन् । पहिलो चुनौती भौगोलिक अवस्थासँग सम्बन्धित छ । हिमाली तथा पहाडी भेगमा रहेका खनिज स्रोतहरूको उत्खनन कठिन छ । यातायातको अभाव, प्रविधिको कमी तथा उच्च लागतका कारण खानी उद्योगको विकास सीमित भएको छ । दोस्रो चुनौती लगानीको हो । खनिज उत्खनन तथा प्रशोधन गर्न ठूलो पुँजी आवश्यक पर्छ, तर नेपालमा सरकारी तथा निजी क्षेत्रबाट पर्याप्त लगानी हुन सकेको छैन ।

खनिज उत्खननसँग सम्बन्धित कानुनी तथा प्रशासनिक समस्याहरू पनि ठूलो चुनौती हुन् । नेपालमा खनिज उत्खनन तथा प्रशोधन गर्न विभिन्न सरकारी स्वीकृतिहरू लिनुपर्छ, जसले गर्दा प्रक्रिया ढिलो हुन्छ । कतिपय अवस्थामा राजनीतिक अस्थिरता, नीति अस्पष्टता तथा सरकारी निकायबिचको समन्वयको अभावले गर्दा ठूला परियोजनाहरू अघि बढ्न सकेका छैनन् । खनिज उत्खननको प्रभाव वातावरणमा प्रत्यक्ष रूपमा पर्ने गर्छ । ठूलो मात्रामा उत्खनन गर्दा जमिन कटान, भू-स्खलन, नदी तथा अन्य जलस्रोत प्रदूषित हुने समस्या देखिन्छ । कतिपय खानी क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन (इआएई) बिना नै कार्य हुने गरेको छ, जसले दीर्घकालीन रूपमा असर पुऱ्याउन सक्छ ।

खनिज स्रोतहरूको उपयोग गरी औद्योगिकीकरण प्रवर्द्धन गर्न सकिन्छ । यदि नेपालले खानी तथा खनिज उत्खनन उद्योगलाई व्यवस्थित रूपमा विकास गर्न सक्यो भने आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान हुन सक्छ । उदाहरणका लागि, फलाम तथा तामा जस्ता खनिजको उपयोग गरी नेपालमै इस्पात तथा तामाका सामग्री उत्पादन गर्न सकिन्छ । यसले रोजगारीको अवसर सिर्जना गर्नुका साथै, आयात प्रतिस्थापन गर्न मद्दत पुऱ्याउनेछ ।

खनिज स्रोतहरूको खोज तथा उपयोगलाई व्यवस्थित गर्न नेपाल सरकारले दीर्घकालीन रणनीति अवलम्बन गर्न आवश्यक छ । सरकारी तथा निजी क्षेत्रको सहकार्य, प्रविधिको विकास, वैज्ञानिक अध्ययन तथा अनुसन्धानमा जोड दिँदा खनिज स्रोतहरू देशको आर्थिक समृद्धिमा योगदान दिन सक्नेछन् । साथै, खानी उद्योगलाई वातावरणमैत्री बनाउन कडा नियम तथा मापदण्डको पालना गरिनुपर्छ ।

नेपालका खनिज स्रोतहरू प्रचुर मात्रामा भए पनि तिनको व्यावसायिक उपयोग न्यून छ । यदि नीति निर्माण, प्रविधि विकास, लगानी प्रोत्साहन तथा उचित व्यवस्थापन गरियो भने नेपाल खनिज उत्खनन तथा प्रशोधनमा आत्मनिर्भर बन्न सक्ने सम्भावना छ । यसका लागि वैज्ञानिक दृष्टिकोणबाट अध्ययन, नीति सुधार तथा प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ ।

## सामाजिक सञ्जाल




डम्बर खतिवडा

महानगरपालिकाले लगाएको जरिवाना एमालेले नतिर्ने, राप्रपाले नतिर्ने, अनि यिनै विधिको शासन र स्थानीय स्वशासनको गफ गर्ने ? जथाभावी नगर फोहोर गर्न पाइन्छ ? यदि पाइन्छ भने नागरिकले चाहीँ किन नियम पालना गर्ने ? तिम्रा दल नियमभन्दा माथि हुन् ? के तिमी फोहरी हुन्, फोहोर गर्न राजी हौं ?

'मास फ्रस्टेसन'को भंगालो हर्क साम्पाङ र बालेन साहतिर तिर गए, तर उनीहरू संगठित थिएनन् । पछि त्यो भंगालो रास्वपातिर गयो । रास्वपा केही संगठित त थियो, तर सहकारी काण्डले डामिएको छ । त्यही भंगालो अहिले राप्रपातिर सरेको छ । यो भंगालोले शासक बगाउन सक्छ, गणतन्त्र बगाउने ल्याकत राख्दैन ।



रञ्जित तामाङ



मुमाराम खनाल

लोकतन्त्रलाई निजी दलतन्त्रमा, दललाई शीर्ष नेतातन्त्रमा र शीर्ष नेतालाई राजतन्त्रमा पतन गराउने आजका भ्रष्ट नेताहरूले के बुझ्नु पऱ्यो भने दलभित्र आफ्नो 'राजतन्त्र'लाई जिवितै नराखेको भए सायद बितेको राजतन्त्रले पनि पुनर्जिवित हुने आकांक्षा राख्ने थिएन होला ।

पूर्वराजाले गणतन्त्रको जग हल्लाउनै सक्दैन । गणतन्त्रको जग त गणेहरू आफैं हल्लाइरहेका छन् । उदाहरणको लागि कुलमान घिसिङलाई सोधिएको बारम्बारको स्पष्टीकरणलाई हेर्नुस् । जब जनता निराश हुन्छन्, तब जुनसुकै तन्त्रको जग आफैं गर्ल्याम गुर्लुम हुन्छ ।



विश्वरसिंह मेवाहाङ

# निःशुल्क स्वास्थ्य शिविरले नलगाडका स्थानीय लाभान्वित



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २७ फागुन

जाजरकोटको नलगाड नगरपालिकामा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

नलगाड नगरपालिका जाजरकोट र मानव विकास तथा सामुदायिक सेवा मेहर परियोजनाको संयुक्त आयोजना एवं समन्वयमा वडा नम्वर १२ को तल्लुबगरमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको हो । शिविरमा ३६२ जना विभिन्न प्रकृतिका समस्या भएका विरामीहरुको स्वास्थ्य परीक्षण गरी उपचार तथा परामर्श सेवा प्रदान गरिएको मेहर परियोजनाका संयोजक कुमेर परियारले जानकारी दिए ।

शिविरमा सहभागी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुको नाक, कान, घाँटी, मौसमी ज्वरो, रुघाखोकी, एलर्जी, महिलाहरुको महिनावारी अनियमितता, तल्लो पेटको दुखायलगायतका समस्या भएका बिरामीहरुको स्वास्थ्य जाँच गरी उपचार तथा परामर्श सेवा प्रदान गरिएको संयोजक परियारले बताए ।

शिविरमा रगत तथा पिसावको परीक्षण, गर्भवती एवं पेटसम्बन्धी समस्या भएका ३ सय ८ जना महिलाहरुको भिडियो एक्सरेसमेत गरिएको थियो । मेहर परियोजना तथा अस्पतालले आफ्नो कार्ययोजना र स्थानीयतहरूसँगको समन्वय एवं सहकार्यमा वर्षेनी रुकुम, सल्यान, जाजरकोटलगायत जिल्लाका विभिन्न दुर्गम गाउँ तथा बस्तीमा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्दैआएको चौरजहारी अस्पतालका प्रशासक डिलबहादुर गिरीले बताए ।

शिविरमा बिरामीहरूको स्वास्थ्य परीक्षणपछि जटिल प्रकृतिका समस्या भएका बिरामीहरूलाई अस्पतालमा थप उपचारका लागि रिफर गरिएको छ । शिविरमा चौरजहारी अस्पतालमा कार्यरत डाक्टर रुवेन साहुको नेतृत्वमा डाक्टर अक्सा गिरीसहित १४ जनाको टोली खटिएको थियो ।

साथै मंगलबार सोही पालिकाको वडा नं. ३ को कैनामा निःशुल्क स्वास्थ्य शिविर संचालन गरिएको आयोजकले जनाएको छ।

# यस वर्षको एसईईमा सर्लाहीबाट १० हजार बढी सहभागी हुँदै




**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २७ फागुन

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सर्लाही जिल्लाबाट १० हजार २७५ जना विद्यार्थी सहभागी हुने भएका छन् । एसईई परीक्षा आगामी चैत ७ गतेबाट सुरु हुँदै छ ।

शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीका अनुसार यस वर्ष जिल्लामा एसईई परीक्षा सञ्चालनका लागि ३८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । जसमा १ सय ५३ वटा विद्यालयका विद्यार्थीहरू सहभागी हुँदैछन् । शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीका प्रमुख तारापती खरेलका अनुसार यस वर्ष जिल्लाबाट ८ हजार ९ सय १९ जना नियमित र १ हजार ३५६ जना ग्रेड वृद्धिका लागि परीक्षामा सहभागी हुँदैछन् ।

## +2 माईग्रेशन सर्टिफिकेट हराएको सुचना

मेरो निम्न ब्यहोराको +2 माईग्रेशन सर्टिफिकेट मिति २०८१/११/१५ गते यहि काठमाण्डौ जिल्ला भित्र हराएको हुदा फेला पार्नु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

| | |
|---|---|
| नाम | : माया विष्ट |
| स्थायी ठेगाना | : अजयमेरु २, डडेल्धुरा |
| अस्थायी ठेगाना | : का.म.न.पा. १०, बुद्धनगर, काठमाण्डौ । |
| स्कुल | : सहर्सलिङ्गा माध्यामिक विद्यालय, चमाडा, डडेल्धुरा । |
| सिम्बोल नं. | : ६१५५९८, ३७३०२०१९ |
| रजिष्ट्रेशन नं. | : ६३७३०२०२५ |
| सम्पर्क नं. | : ९८४८७३११३१ |

## ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक मिति : २०८१/११/२८**

यस संस्थाको तपशिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने प्रथम सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिदाँको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जाना असुलीको सिलासिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचालित कानून-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीन पुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **ऋणी: विर बहादुर लामा**<br>बुबा: उत्तर बहादुर लामा<br>बाजे: हर्क बहादुर लामा<br>ठेगाना: ककनी -०१, नुवाकोट । | नाम: लक्ष्मी माया लामा<br>श्रीमान: विर बहादुर लामा<br>स.बाजे: उत्तर बहादुर लामा<br>ठेगाना: ककनी -०१, नुवाकोट । | नुवाकोट ककनी वडा नं ०१<br>कि.न. २०१<br>क्षेत्रफल: ७-११-०-२ |
| २ | **ऋणी: मुना कार्की**<br>बुबा: डोल बहादुर कार्की<br>बाजे: दण्ड बहादुर कार्की<br>ठेगाना: कल्लेरी -०२, धादिङ्ग । | नाम: मैया कार्की<br>श्रीमान्: डोल बहादुर कार्की<br>ससुरा: दण्ड बहादुर कार्की<br>ठेगाना: कल्लेरी-०२, धादिङ्ग । | धादिङ्ग कल्लेरी वडा नं ०२<br>कि.न.१९७<br>क्षेत्रफल: १-४-०-० |
| ३ | **ऋणी: डोल बहादुर कार्की**<br>बुबा: दण्ड बहादुर कार्की<br>बाजे: नैनसिं<br>ठेगाना: कल्लेरी -०२, धादिङ्ग । | नाम: मैया कार्की<br>श्रमिान: डोल बहादुर कार्की<br>स.बाजे: दण्ड बहादुर काकी<br>ठेगाना: कल्लेरी -०२, धादिङ्ग । | धादिङ्ग कल्लेरी वडा नं ०२<br>कि.न. १९१<br>क्षेत्रफल: २-४-१-१ |
| ४ | **ऋणी: खिरानी घलेनी**<br>बुबा: निमा घले<br>बाजे: मलम घले<br>ठेगाना: थमन -०९, रसुवा । | नाम: एलेन तामाङ<br>बुबा: नुनी कुमार तामाङ<br>बाजे: नोर्सङ तामाङ<br>ठेगाना: रुवीभ्याली -०२, धादिङ्ग । | काठमाडौं जितपुर वडा नं ०९ घ<br>कि.न.१३९<br>क्षेत्रफल : ०-४-०-० |
| ५ | **ऋणी: प्रकाश मगिया धोवी**<br>बुबा: नारायण मगिया<br>बाजे: कान्छा मगिया<br>ठेगाना: काठमाण्डौ -१८ । | नाम: राज कुमार फुयाल<br>बुबा: नन्दी केशर फुयाल<br>बाजे: भोलानाथ फुयाल<br>ठेगाना: गोलढुङ्गा-८, काठमाण्डौ ।<br><br>नाम: मुना मुडभरी<br>बुबा: निल प्रसाद मुडभरी<br>बाजे: पूर्ण प्रसाद मुडभरी<br>ठेगाना: कुमरी-१, नुवाकोट । | नुवाकोट बेलकोट वडा नं ०५<br>कि.न. २३२<br>क्षेत्रफल: ८-८-३-१ |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४५३५७७९-०१-४५३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np

## जापानमा रोजगार

कम्पनी : GUILD ONE COOPERATIVE SOCIETY — शहर : JAPAN,OSAKA
पूर्व स्वीकृत मिति: २०८१/११/२२ — चलानी नं.: ६०२३४२४४ — LT. No.: 317058

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plastering | 3 | 0 | स. काममा दक्ष | 170000 | १६१,१२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CROSS CULTURE COMMINNITY COOPERATIVE — शहर : JAPAN,TOKYO
पूर्व स्वीकृत मिति: २०८१/११/२३ — चलानी नं.: ६०२३४२४३ — LT. No.: 319929

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 6 | 0 | स. काममा दक्ष | 188086 | १७८,२७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ५०,००० कामदारले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००/- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

**प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. २९६/०५८/०५९
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४, ९८४९६६१२११, ९८५१३२८९८३ ९७४१७४३६३४,
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org

## UAEमा बैदेशिक रोजगारको अवसर

1.कम्पनी : ASDAF ALBAHR CARPENTRY & INSULATION CONTRACTING L.L.C — शहर: UAE, Dubai
पूर्व स्वीकृती मिति : २०८१/११/२७ — चलानी नं. ६०२३४२९६ — LT No. 320101

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 4 | काममा दक्ष | 1200 | ४५,५८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Steel Fixers | 9 | | 1200 | ४५,५८० | | | | | | | |

2.कम्पनी : ZAHRA NAJM ELECTROMECHANICAL CONTRACTING CO. L.L.C — शहर: UAE, Dubai
पूर्व स्वीकृती मिति : २०८१/११/२७ — चलानी नं. ६०२३४२९४ — LT No. 320100

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Steel Fixers | 9 | काममा दक्ष | 1200 | ४५,५८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

**अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८१ चैत ६ गते (19 March, 2025) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

## धितोमा रहेको सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, खाँदबारी शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/११/२८ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८० साल असोज महिना २२ गते 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको **मिति २०८१ साल जेष्ठ ११ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीहरूको नाम, थर र ठेगाना : |
|---|---|
| १. | डिमा शेर्पाको नाति, पासाङ शेर्पाको छोरा, संखुवासभा जिल्ला दिदिङ गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **दावा साङ्गे शेर्पा** । |
| २. | किछिरी शेर्पाकी छोरी, दावा साङ्गे शेर्पाकी श्रीमती, संखुवासभा जिल्ला चिचिला गाँउपालिका वडा नं. ३ बस्ने **लाक्पादिकी शेर्पा** । |
| **ऋणी-१ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | पासाङ शेर्पाको नाति, डिमा शेर्पाको छोरा, संखुवासभा जिल्ला दिदिङ गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **पासाङ शेर्पा** । |
| २. | पासाङ शेर्पाकी छोरी, फुर्तेम्बा शेर्पाकी श्रीमती, संखुवासभा जिल्ला पाथीभरा गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **कुमारी शेर्पा** । |
| ३. | डिमा शेर्पाको नाति, पासाङ शेर्पाको छोरा, संखुवासभा जिल्ला दिदिङ गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **फुर्तेम्बा शेर्पा** । |
| ४. | साङ तेम्बा शेर्पाकी छोरी, पासाङ शेर्पाकी श्रीमती, संखुवासभा जिल्ला दिदिङ गा.वि.स. वडा नं. ९ बस्ने **किमा शेर्पा** । |
| ५. | किछिरी शेर्पाकी छोरी, दावा साङ्गे शेर्पाकी श्रीमती, संखुवासभा जिल्ला चिचिला गाँउपालिका वडा नं. ३ बस्ने **लाक्पादिकी शेर्पा** । |
| **ऋणी-२ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | डिमा शेर्पाको नाति, पासाङ शेर्पाको छोरा, संखुवासभा जिल्ला दिदिङ गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **दावा साङ्गे शेर्पा** । |
| २. | पासाङ शेर्पाको नाति, डिमा शेर्पाको छोरा, संखुवासभा जिल्ला दिदिङ गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **पासाङ शेर्पा** । |
| ३. | पासाङ शेर्पाकी छोरी, फुर्तेम्बा शेर्पाकी श्रीमती, संखुवासभा जिल्ला पाथीभरा गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **कुमारी शेर्पा** । |
| ४. | डिमा शेर्पाको नाति, पासाङ शेर्पाको छोरा, संखुवासभा जिल्ला दिदिङ गा.वि.स./उ.म.न.पा. वडा नं. ९ बस्ने **फुर्तेम्बा शेर्पा** । |
| ५. | साङ तेम्बा शेर्पाकी छोरी, पासाङ शेर्पाकी श्रीमती, संखुवासभा जिल्ला दिदिङ गा.वि.स. वडा नं. ९ बस्ने **किमा शेर्पा** । |
| **ऋणी १ र २ को लागि धितो सुरक्षणको विवरण :** | |
| | **पासाङ शेर्पा**को नाममा मालपोत कार्यालय खाँदबारी, संखुवासभामा दर्ता श्रेस्ता कायम रहेको संखुवासभा जिल्ला दिदिङ गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ०२२१, ०२२१, ०२२० र ०२६१) को कित्ता नं. १०, २२, १९२ र १४९४ को क्रमशः ५००, १७३५०, २१६० र ७०७० व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३ बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा खाँदबारी शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल चैत्र महिना १३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल चैत्र महिना १७ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३ बजे ।**

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## साउदीमा रोजगार

कम्पनी: PERMA-PIPE Arabia Contracting Co. — शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८१/११/२७ — चलानी नं.: ६०२३४३१७ — LT. No.: 320144

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 4 | 0 | स. काममा दक्ष | 1800 | ६६,९०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Nepal HR Solution Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com

## साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT SAFVAT AL-BAN FOR BEVERAGES — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/११/२७ — चलानी नं.: ६०२३४२८९ — LT. No.: 320147

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Provider | 1 | 0 | स. काममा दक्ष | 3000 | १११,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.** Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**पाँचथर, कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/११/२८**

यस कार्यालयद्वारा मिति २०८१/११/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको सडकको स्तरोन्नती कार्यको लागि विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पी. एस. र भ्याट सहित) |
|---|---|---|---|
| IDOPAN/337010124/NCB/ ROAD/28-081/82 | Upgrading of Thade Khola dekhi Timbupokhari Jane Road, Sidingba RM-07, Taplejung | M/S Bhagwat Geeta Construction and Suppliers, Kathmandu-31 | 19,89,275.51 |

कार्यालय प्रमुख

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# मोना कतारद्वारा सचिव दर्जीको बिदाइ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ फागुन

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले २०२५/२७ कार्यसमितिका सचिव नरेन्द्रकुमार दर्जीलाई संस्थागत बिदाइ गरेको छ। करिब दुई दशक लामो कतारको बसाइ बिट मारेर नेपाल हुँदै युरोपेली मुलुक माल्टा जान लागेका दर्जीलाई सोमबार साँझ ग्राण्डमलको रेड चिल्ली रेस्टुरेन्टको हलमा आयोजित एक कार्यक्रमका बीच दोसल्ला ओढाएर मायाको चिनोसहित आजीवन सदस्यता प्रदान गर्दै सम्मानसहित बिदाइ गरेको हो।



वैदेशिक रोजगारीको क्रममा कतारमा रहँदा केही वर्ष पहिलेदेखि मोना कतारमा आबद्ध रहेर सामाजिक कार्यमा सक्रिय रहेका दर्जी मोना कतारसँग प्रत्यक्ष जोडिएर थप सामाजिक कार्यहरू गर्ने मन हुँदा हुँदै बसाइलाई टुँग्याउनुपरेको बताए। उनले आफूले संस्थामा आबद्ध भएर जिल्लाका विकासमा टेवा दिन सकिने विश्वासका साथ जोडिएको बताउँदै संस्थामा रहेर धेरै कुरा सिक्न पाएको धारणा राखे। उनले आफू जहाँ रहे पनि मोनाको अभियानमा जोडिने प्रतिबद्धता व्यक्त गर्दै कतारमा मोना आफ्नो परिवार बनेको स्मरण गरे।

संघका अध्यक्ष बाबुराम भण्डारीको सभाध्यक्षता, मोना आईईसीका कोषाध्यक्ष नरेन्द्र फगामीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि फगामीले जहाँ रहेपनि सत्कर्मको फल मिल्ने बताउँदै मोना कतार सामाजिक क्षेत्रमा अगाडि बढ्न पहिचान बनाउने पहिलो घर रहेको हुँदा भविष्यमा जुन देशमा जहाँ पुगे पनि कतारमा आर्जेको सामाजिक प्रतिष्ठाको ख्याल गर्न आग्रह गरेका थिए।

संघका संस्थापक अध्यक्ष प्रेम रसाइली, संरक्षक रमेश पौडेल, प्रमुख सल्लाहकार राजु पौडेल लगायतका अन्य पदाधिकारीहरूले दर्जीलाई सुखमय जीवनको कामना गर्दै शुभकामना दिएका थिए। वरिष्ठ उपाध्यक्ष देवी कँडेलले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भण्डारीले जुझारु सचिवलाई संस्थाले बिदाइ गर्नु पर्दा असहज लागे पनि सुरक्षित भविष्यका लागी विकसित मुलुक जान लागेको हुँदा खुसी लागेको बताए। कार्यक्रमलाई महासचिव शिव खड्काले सहजीकरण गरेका थिए।

---

**न्यूज प्लस मासिक पत्रिका बन्द गरिएको सम्बन्धि ३५ दिने सूचना**

जिल्ला प्रशासन कार्यालय काठमाडौंमा प्रकाशक तथा सम्पादक पुष्प बहादुर कार्कीको नाममा दर्ता भई **दर्ता नं ९५ (२०६७/०६८)** रहेको **न्यूज प्लस मासिक पत्रिका** दर्ता समय देखिनै प्रकाशित नभएको र विविध कारणले पत्रिका बन्द गर्नुपर्ने भएको हुँदा उक्त पत्रिकासँग कोही कसैसँग कुनै प्रकारको रकम लेनदेन बाँकी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित हकदावी गर्न म पुष्प बहादुर कार्कीसँग आउनहुन अनुरोध गर्दछु ।

**सम्पर्क नम्बर: ९८५१०१२८४०**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/०२/२३ मा दर्ता भएको **प्रा. लि. नं. (२१६७८५) को फ्लाइङ्ग फेदर्स एजुकेशन सोलुसन प्रा.लि.** नामक कम्पनी दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**MANJUSHREE FINANCE LIMITED**
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/११/२८**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सुचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँवानेश्वरमा ०८ औं दिन वा सो दिन विंदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्वन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

**१) ऋणीको नाम** : प्राईभेट फर्म दर्ता ऐन २०७६ बमोजिम प्रदेश सरकार लुम्बिनी प्रदेश उधोग वाणिज्य तथा आपुर्ती मन्त्रालय उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उधोग कार्यालय सिद्धार्थनगर रुपन्देहीमा मिती २०८०/०४/१६ गते, प्राईभेट फर्म दर्ता १३९३-८-२०८०/८१ भई, स्थायी लेखा नं. १३९९४९७६४ भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **मल्ल मार्ट।**
**(प्रोप्राइटर : सुरेश मल्ल)**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा र सुरेश मल्लको नाममा प्रवाह भएको आवाश कर्जा तथा प्रोफेशनल अधिविकर्ष कर्जा**

| **ऋणी/प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : सुरेश मल्ल** | **व्यक्तिगत जमानिकर्ता : बिशाल मल्ल** |
|---|---|
| बाबु : देव बहादुर मल्ल | बाबु : सुरेश मल्ल |
| बाजे : गणेश बहादुर | बाजे : देव बहादुर मल्ल |
| ना.प्र.नं.: १९९९७ | ना.प्र.नं.: ३७-०२-७७-०४०२१ |
| जारी मिति : २०४७/१२/२६ | जारी मिति : २०७७/१०/०७ |
| जि.प्र.का.: रुपन्देही | जि.प्र.का : रुपन्देही |
| ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ३। | ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ३। |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
**क) सुरेश मल्लको** नाममा मा.पो.का. बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ०२, नक्सा सिट नं. २ङ स्थित कि.नं. १५० र १५१ को क्षेत्रफल १६९.३० व.मि. र १०१५.८९ व.मि. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।
**ख) सुरेश मल्लको** नाममा मा.पो.का. बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ०२, नक्सा सिट नं. २ङ स्थित कि.नं. १३७ को क्षेत्रफल ०-२-६-० (७७८.८४ व.मि.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

| **२) ऋणीको नाम : अनिता साउद** | **व्यक्तिगत जमानिकर्ता : सिद्व बहादुर साउद** |
|---|---|
| बाबु : दल बहादुर साउद | बुवा : पदम बहादुर साउद |
| पती : सिद्व बहादुर साउद | बजे : नर बहादुर साउद |
| ना.प्र.नं. : ६७२०३८/३८३६१ | ना.प्र.नं.: ३१९१६ |
| जारी मिति : २०७०/०९/१८, जि.प्र.का.: कैलाली | जारी मिति : २०६१/०६/२८, जि.प्र.का.: अछाम |
| ठेगाना : कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित भजनी न.पा. वडा नं. ८ हाल कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ०३। | ठेगाना : अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ०७ को परिवर्तित रामारोशन गा.पा. वडा नं. ०६ कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ०३। |
| **कर्जाको प्रकार : आवासिय घर कर्जा** | |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
**क) अनिता साउदको** नाममा मा.पो.का. धनगढी, कैलाली दर्ता कायम रहेको कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ३ नक्सा सिट नं. ०२७/०७२६-४ स्थित कि.नं. ४७९ को क्रमश क्षेत्रफल १६९.३२ व.मी. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**शर्तहरूः**
१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८१/१२/०६ गते**

---

## Invitation for Bids

## Bhumlu Rural Municipality

**Salle, Kavrepalanchok**
**Date of publication: 2025/03/12**

